आज मिति २०७७/०५/०३ गते प्रमुख जिल्ला अधिकारी श्री राज कुमार राईज्यूको अध्यक्षतामा बसेको कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि गठित (CCMC अन्तर्गत) जिल्लागत संरचनाको बैठक देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी तपशील बमोजिमका निर्णयहरु गरियो।

जिल्ला प्रशासन कार्यालय रुकुम (पूर्व)

उपस्थितिः

| | | | |
|---|---|---|---|
| अध्यक्ष | प्र.जि.अ. | श्री राज कुमार राई | जिल्ला प्रशासन कार्यालय, रुकुम पूर्व |
| सदस्य | सेनानी | श्री अमितजंग शाह | खड्गदल गण, सुरक्षा गुल्म, रुकुमकोट, रुकुम पूर्व |
| सदस्य | प्र.ना.उ. | श्री गजुसिद्धि बज्राचार्य | जिल्ला प्रहरी कार्यालय, रुकुम पूर्व |
| सदस्य | स.प्र.ना.उ. | श्री सुदन आचार्य | स.प्र.बल नेपाल गुल्म हे.क्वा. रुकुमकोट, रुकुम पूर्व |
| सदस्य | प्र.अ.अ. | श्री प्रविण पनेरु | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, रुकुम पूर्व |
| सदस्य | स.प्र.जि.अ. | श्री अञ्जु पोखरेल | जिल्ला प्रशासन कार्यालय, रुकुम पूर्व |
| सदस्य | नि.मे.सु. | डा. श्री बद्री बैदवार | जिल्ला अस्पताल, रुकुम पूर्व |
| सदस्य | नि.स.अ. | श्री बिमला रोका श्रेष्ठ | जिल्ला समन्वय समिति, रुकुम पूर्व |

**सल्लाहकारः**

| | | |
|---|---|---|
| प्रमुख | श्री गजेन्द्र बहादुर वली | जिल्ला समन्वय समिति, रुकुम पूर्व |
| अध्यक्ष | श्री कुमारी बराल गौतम | सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुम पूर्व |

**आमन्त्रितः**

| | | |
|---|---|---|
| प्र.प्र.अ. | श्री रविन्द्र बुढा क्षेत्री | पुथाउत्तरगंगा गाउँपालिका, रुकुम पूर्व |
| प्र.प्र.अ. | श्री चन्द्रसिंह श्रेष्ठ | भूमे गाउँपालिका, रुकुम पूर्व |
| अध्यक्ष | श्री यज्ञ प्रकाश मल्ल | उद्योग वाणिज्य संघ, रुकुम पूर्व |
| नि.का.प्र. | श्री यादव प्रसाद शर्मा | स्वास्थ्य कार्यालय, रुकुम पूर्व |
| स्वास्थ्य संयोजक | श्री सुरेन्द्र प्रसाद यादव | सिस्ने गाउँपालिका, रुकुम (पूर्व) |
| स्वास्थ्य संयोजक | श्री उपेन्द्र यादव | भूमे गाउँपालिका, रुकुम पूर्व |
| सहसंयोजक | श्री कलिभान विष्ट | पुथा उत्तरगंगा गाउँपालिका, रुकुम (पूर्व) |
| संयोजक | श्री लोकेन्द्र बहादुर बुढाथोकी, जिल्ला रेडक्रस सोसाइटी, जिल्ला शाखा | |

निर्णय नं. १

कोभिड -१९ को रोकथाम नियन्त्रण तथा प्रतिकार्य सम्बन्धमा रुकुम पूर्व जिल्लामा भएका समग्र कार्यक्रमहरुको समीक्षा गर्दा जिल्लामा कोभिड -१९ को संक्रमण नियन्त्रणमै रहेकोले अवस्था सन्तोषजनक रहेको महशुस गरियो । यसमा प्रत्यक्ष/अप्रत्यक्ष सहयोग गर्ने तीनवटै गाउँपालिका तथा सम्बन्धित सबैलाई हार्दिक धन्यवाद दिदै आगामी दिनमा समेत सहयोगको निरन्तरताको अपेक्षा गरियो ।

निर्णय नं. २

यस जिल्लाको सिस्ने गाउँपालिका वडा नं ५ स्थित प्रदेश पाहुना घरलाई कर्मचारी होल्डिङ सेन्टरको रुपमा उपयोग गर्ने र सिस्ने गाउँपालिकाको ६ नं. वडा कार्यालयलाई काबु बाहिरको परिस्थितिमा पनि सुरक्षा व्यवस्थापनको व्यवस्थित गर्न वैकल्पिक सुरक्षा युनिटको रुपमा राख्ने गरी उपयोग गर्ने । सोको आवश्यक समन्वय तथा व्यवस्थापनका लागि राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालयका प्रमुख अनुसन्धान अधिकृत प्रविण पनेरु, जि. उ.वा.सं. अध्यक्ष यज्ञ बहादुर मल्ल र सिस्ने गाउँपालिकाका कर्मचारी पूर्ण बुढालाई जिम्मेवारी तोक्ने निर्णय गरियो ।

निर्णय नं. ३

कोभिड-१९ को संक्रमण जोखिम समुदायस्तरसम्म बढ्न नदिन पिसीआर परीक्षणको दायरा बढाउनका लागि बढी भीडभाड हुने कार्यालय, बजार जस्ता अग्रपङ्तिमा खटिने व्यक्तिहरुको स्वाब संकलन गरी परीक्षणका लागि पठाउने व्यवस्थापनका लागि स्वास्थ्य कार्यालयलाई जिम्मेवारी तोक्ने । साथै, जिल्लामा आवश्यक पर्ने देहाय बमोजिमका सामाग्री व्यवस्थाका लागि संघ तथा प्रदेश सरकारका निकायहरुमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

देहायः

| क्र.सं. | सामाग्रीको नाम | एकाई | आवश्यक संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | N-95 Mask | थान | १००० | |
| २ | Surgical Mask | थान | ५००० | |
| ३ | Complete PPE Set | थान | ५०० | |
| ४ | Face Seal | थान | ५०० | |
| ५ | ह्याण्ड स्यानिटाइजर (२५० मिलि) | संख्या | ५०० | |
| ६ | Surgical Gloves | जोडा | ५००० | |
| ७ | Loose Gloves | जोडा | ५००० | |
| ८ | सोडियम हाइपोक्लोराइड (Solution) | लिटर | ३५ | |
| १८ | स्प्रे ट्याङ्क (१६ लि.) | संख्या | ५ | |
| १९ | पिसिआर परीक्षणका लागि VTM Kit | संख्या | ५०० | |

**निर्णय नं. ४**

जिल्लामा हाल ब्लड बैंकको व्यवस्था नभएको कारण बिरामीहरुको ज्यान जोखिममा रहेकाले तत्काल ब्लड बैंक स्थापनाका लागि आवश्यक प्रक्रिया अगाडि बढाउन जिल्ला समन्वय समितिका प्रमुख र नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखाको संयुक्त संयोजनमा तत्काल पहलकदमी अगाडि बढाउने । ब्लड बैंक स्थापना नहुञ्जेलका लागि ब्लड ट्रान्सफर तथा क्रस म्याचिङका लागि आवश्यक सामाग्रीको व्यवस्था गर्न नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखाले आवश्यक पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

पछिल्लो समयमा देशभर कोभिड-१९ को संक्रमण जोखिम बढ्दै गइरहेको र यस जिल्लामा समेत जोखिम कायमै रहेकाले रुकुम (पूर्व) जिल्लाका सार्वजनिक निकायहरुमा कार्यरत सम्पूर्ण कर्मचारीहरु जिल्ला नछोड्ने र जिल्ला बाहिर रहेका कर्मचारीहरुलाई यथाशीघ्र कार्यालयमा हाजिर हुन जानकारी गराउने र सो पश्चात सबै कर्मचारीका लागि स्थापना गरिएको होल्डिङ सेन्टरमा अनिवार्य रुपमा बसी पिसीआर परीक्षण पश्चात मात्र कार्यालयमा फर्कने व्यवस्था मिलाउन सम्बन्धित कार्यालय प्रमुखलाई निर्देशन गर्ने ।

**निर्णय नं. ६**

सक्रिय संक्रमण रहेका जिल्लाबाट आउने सबै व्यक्तिहरुलाई अनिवार्य रुपमा क्वारेन्टाइनमा राख्ने प्रतिवद्धता सहित सम्बन्धित स्थानीय तहबाट जिल्ला भित्रिन सिफारिश भई आएमा मात्र जिल्ला प्रवेश अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं. ७**

पछिल्लो समयमा कोभिड-१९ रोकथाम तथा नियन्त्रणका लागि जारी स्वास्थ्य मापदण्ड प्रभावकारी रुपमा कार्यान्वयन भए नभएको अनुगमन गर्ने निर्णय गरियो ।